एनएमबि लघुवित्त वित्तीय संस्था लि.

NMB Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

Head Office :
Pokhara-25, Milanchowk, Hemja, Kaski
Phone : 061-400427, 400477,
Fax : 061-400428
Email : info@nmbmicrofinance.com
Website : www.nmbmicrofinance.com

Unaudited Financial Results (Quarterly)

As at 1st Quarter (2076/06/30) of the fiscal year 2076/077

Rs in '000'

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding previous Year Quarter Ending
1	**Total Capital and Liabilities (1.1 to 1.8)**	**3,820,668**	**3,482,563**	**2,964,885**
1.1	Paid Up Capital	162,006	162,006	140,875
1.2	Reserve & surplus	162,641	143,309	111,374
1.3	Debenture & Bond	-	-	-
1.4	Borrowings	2,199,107	1,960,216	1,853,632
1.5	**Deposits (a+b)**	**1,180,540**	**1,082,721**	**775,463**
	a. Member	1,180,540	1,082,721	775,463
	b. Public	-	-	-
1.6	Proposed Dividend	-	-	-
1.7	Income Tax Laibility	6,551	26,135	436
1.8	Other Liabilities	109,822	108,175	83,105
2	**Total Assets (2.1 to 2.7)**	**3,820,668**	**3,482,563**	**2,964,885**
2.1	Cash & Bank Balance	553,506	300,467	522,768
2.2	Money at Call and Short Notice	-	-	-
2.3	Investments	2,000	2,000	2,000
2.4	Loans & Advances	3,181,909	3,075,674	2,373,475
2.5	Fixed Assets	24,567	25,807	23,233
2.6	Non Banking Assets	-	-	-
2.7	Other Assets	58,686	78,616	43,409
3	**Profit and Loss Account**	**This Quarter Ending**	**Previous Quarter Ending**	**Corresponding previous Year Quarter Ending**
3.1	Interest Income	141,174	468,565	108,717
3.2	Interest Expense	81,228	261,069	64,657
	A. Net Interest Income (3.1 - 3.2)	**59,946**	**207,497**	**44,061**
3.3	Fees, Commission and Discount	-	-	-
3.4	Other Operating Income	23,834	94,002	19,363
3.5	Foreign Exchange Gain/Loss (Net)	-	-	-
	B. Total Operating Income (A+3.3+3.4+3.5)	**83,781**	**301,498**	**63,424**
3.6	Staff Expenses	45,071	136,286	37,007
3.7	Other Operating Expenses	11,787	58,949	11,938
	C. Operating Profit Before Provision (B-3.6-3.7)	**26,923**	**106,263**	**14,479**
3.8	Provision for Possible Losses	3,128	11,372	12,966
	D. Operating Profit (C - 3.8)	**23,795**	**94,891**	**1,513**
3.9	Non Operating Income/ Expenses (Net)	225	939	85
3.10	Write Back of Provision for Possible Loss	-	-	-
	E. Profit From Regular Activities (D+3.9+3.10)	**24,021**	**95,829**	**1,598**
3.11	Extraordinary Income/ Expenses (Net)	-	-	-
	F. Profit before Bonus and Taxes (E+3.11)	**24,021**	**95,829**	**1,598**
3.12	Provision for Staff Bonus	2,184	8,712	145.29
3.13	Provision for Tax	6,551	26,135	436
	G. Net Profit/ Loss (F-3.12-3.13)	**15,286**	**60,982**	**1,017**
4	**Ratios**			
4.1	Capital Fund to RWA	9.41%	9.63%	10.50%
4.2	Non Performing Loan (NPL) To Total Loan	2.27%	2.02%	2.72%
4.3	Total Loan Loss Provision to Total NPL	94.82%	108.21%	99.29%
4.4	Cost of Funds	10.12%	9.63%	9.73%
4.5	CD Ratio (Calculated as per NRB Direction)	275.47%	290.41%	315.12%

Note :
1. The Unaudited Financial Figures may change if directed by Statutory Auditor/ Supervisory Authorities.
2. Previous Period Figures are regrouped or rearranged wherever necessary.
3. Loans and Advances are reported net of provisions where Gross amount to NRs. 3250336.330 thousands.
4. The Company has made investments NRs. 2 million in promoter share of Nepal Finsoft Company Limited.

Interest Rate

Deposit: 6% to Max 10%	Loan & Advance: 12% to Max 18%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
२०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०७६/७७ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

(क) यस एनएमबि लघुवित्त वित्तीय संस्थाको प्रथम त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

यो वित्तीय संस्था एनएमबि बैंक लिमिटेडको सहायक कम्पनी हो जसको यसमा कुल शेयरमध्ये ५१ प्रतिशत शेयर स्वामित्व रहेको छ । यस वित्तीय संस्थाको एनएमबि बैंकसँगको सम्बन्धित पक्षबीचका कारोबार निम्न बमोजिम छन् ।

क्र.स.	विवरण	रकम (रु.)
१	एनएमबि बैंकको लगानी	८२,६२३,१८७.००
२	एनएमबि बैंकबाट लिएको सापटी	७००,०००,०००.००
३	एनएमबि बैंकलाई गरेको ब्याज भुक्तानी	१६,४३०,४६५.७५
४	एनएमबि बैंकमा रहेको मौज्दात	११५,१७६,८३२.१०

(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी : रु.३७.७४ मूल्य आम्दानी अनुपात : रु.२८.५४
प्रति शेयर नेटवर्थ : रु.२००.३९ प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु.२३५८.३५
तरलता अनुपात : १६.३८%

२. **व्यवस्थापकिय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात र आम्दानी लक्ष्य अनुरुप हासिल नभए पनि कार्य सम्पादन सन्तोषजनक रहेको छ । लक्ष्य अनुरुप सदस्य संख्या तथा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ब्याजदर लघुवित्तको बजार औषत भित्र नै कायम गरी ग्राहक सदस्यहरु आकर्षित गर्न सक्नु मुख्य सवल पक्ष रहेका छन् ।

(ख) यस संस्थाले आगामी दिनमा वित्तीय पहुँच कम भएका थप जिल्लाहरुमा शाखा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने तथा तराईका जिल्लाहरुमा पनि क्रमशः शाखाहरु खोली लघुवित्त कार्यक्रम विस्तार गर्ने व्यवसायिक योजना रहेको छ । यस त्रैमासको अन्त्यमा यस वित्तीय संस्थाले ५४ वटा जिल्लामा १०० वटा शाखा/उप शाखाहरु मार्फत ९९,०७४ विपन्न घरपरिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

(ख) यस त्रैमाशको शेयर सम्बन्धी विवरण :

अधिकतम मूल्य : रु.१,१५० न्यूनतम मूल्य : रु.९९१ अन्तिम मूल्य : रु.१,०७७
कारोबार भएको कुल दिन : ६३ दिन कारोबार संख्या : २९,२७५ कित्ता

५. **समस्या र चुनौती :**

(क) कार्यक्षेत्रको भौगोलिक विकटताले कार्यक्रम सञ्चालन गर्दा कर्मचारी उत्पादकत्व कम देखिने तथा सोही कारणले सञ्चालन लागत बढी भएको चुनौतीको सामना गर्नुपरेको छ ।

(ख) ग्रामीण क्षेत्रमा बैंकिङ्ग सेवा सञ्चालनको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरु उपलब्ध नहुदा सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्नमा चुनौती रहेको छ ।

(ग) नयाँ लघुवित्त संस्थाहरुको बृद्धिको कारणले दोहोरोपनाको समस्या दिनानुदिन बढ्दै गएको र सदस्यहरुको काँधमा अधिक ऋणको बोझ बढ्दै गएको परिबेशमा गुणस्तरिय लगानी बृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ ।

(घ) वित्तिय संस्थाको कोषको स्थाइ र दिर्घकालिन श्रोत नहुदा संस्थाको दिर्घकालिन लगानी ब्यबस्थापन दिन प्रतिदिन चुनौतीपुर्ण बन्दै गएको छ ।

(ङ) व्यवस्थापनको रणनीति : उल्लेखित चुनौतीहरुको सामना गर्दै देशका सबै जिल्लाहरुमा कार्यक्षेत्र विस्तार गर्ने, वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घरपरिवारमा वित्तीय सेवा पुऱ्याउने, केन्द्र ब्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने, निक्षेप परिचालनलाई समेत विशेष महत्व दिने, ग्राहक सदस्यहरुलाई प्रदान गर्ने सबै प्रकारका सेवामा प्रविधीको उच्च प्रयोग गर्दै ग्राहक संरक्षणमा विषेश ध्यान दिदै वित्तीय संस्थासँग रहेका स्रोत तथा साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टिको स्तर बृद्धिको साथै संस्थाको मुनाफा वृद्धि कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ ।

६. **संस्थागत सुशासन :**

वित्तीय संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति ,सम्पत्ती शुद्धिकरण अनुगमन समिती लगायतका समितिहरु र जोखिम व्यवस्थापन बिभाग, आन्तरिक लेखापरीक्षण विभाग जस्ता स्थाइ संरचनाको माध्यमबाट संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन वित्तीय संस्था प्रतिबद्ध छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।